# शिवपुरी गाउँपालिका स्थानीय राजपत्र

शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४) शेराबगर, नुवाकोट, २०७७ साल असोज २६ गते (संख्या ३**


# भाग २

# संक्षिप्त वातावरणीय अध्ययन तथा नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७७

**प्रस्तावना**

गाउँपालिका भित्रका नदी खोलाका नदीजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ती र नदीप्रणालीबाट उत्खनन् संकलन तथा बिक्रि वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक

दोहन हुन नदिन, दिगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजानिक निर्माण कार्यलाई सहज बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ङ बमोजिम अधिकार प्रयोग गरी प्रदेश सरकारले यो अन्तरिम कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "संक्षिप्त वातावरणीय अध्ययन तथा नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले दफा १८ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

(ख) "अनुमति पत्र" भन्नाले कुनै नदीजन्य पदार्थको संकलन र बिक्रि वितरण गर्न यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योग सम्झनुपर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाँउछ ।

(घ) "नदीजन्य पदार्थ" भन्नाले यस गाउँपालिकाको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको

किनार तथा आसपासका वन क्षेत्र वा सार्वजानिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनुपर्छ ।

(ङ) "प्रदुषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले शिवपुरी गाउँपालिका, नुवाकोट सम्झनु पर्छ ।

(छ) "संक्षिप्त वातावरणीय परिक्षण" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको प्रारम्भिक वातावरीय परीक्षण सम्झनुपर्छ ।

(ज) "प्राविधिक समिति" भन्नाले दफा ८ (२) बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणलीहरु, आर्थिक तथा मानवीय क्रियाकलाप र यसका अवयव तथा ती अवयवको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ ।

(ञ) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन सम्झनु पर्छ ।

(ट) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

## परिच्छेद २

## संक्षिप्त वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन

**३. संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन् र बिक्रि वितरण गर्दा गाउँपालिकाले प्रचलित वातावरण संरक्षण कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी यस कार्यविधि बमोजिम स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक/एक प्रति प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) राष्ट्रिय वन भित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिन सक्नेछ ।

(४) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एंव संरक्षण क्षेत्रभित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित संरक्षित क्षेत्र कार्यालयबाट सहमति लिन सक्नेछ ।

**४. संक्षिप्त वातावरणीय अध्ययन तयारी सम्बन्धी व्यवस्था :**

(१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गाउँपालिकाले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार

गरी आफ्नो राय सहित गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाले संक्षिप्त वातावरणीय अध्ययन स्वीकृत गर्नुभन्दा अघि देहाय दफा ५(२) बमोजिमको प्राविधिक समितिको सिफारीसको आधारमा गर्नु पर्नेछ ।

(३) प्राविधिक समितिबाट सिफारिस सहित पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम स्वीकृत गर्नेछ ।

**५. संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूचि (TOR) सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधि बमोजिमसंक्षिप्त वातावरणीय अध्ययन गराउँदा सो सम्बन्धी सम्बन्धी कार्यसूचि (TOR) मा प्रचालित कानून बमोजिम अनिवार्य गर्नुपर्ने विषयका अतिरिक्त निम्न विषयहरु समावेश गराउनु पर्नेछ : -

(क) परामर्शदाता तथा संलग्न निकायहरुले सम्बन्धित क्षेत्रको बारम्बार भ्रमण गरी यथार्थ अध्ययन गर्नुपर्ने विषय,

(ख) उत्खनन् गरिने सम्बन्धित क्षेत्र वरपरका जनतालाई भेला गराई सार्वजनिक सुनुवाईगरी राय लिनुपर्ने विषय,

(ग) अध्ययनको क्रममा वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक वन उपभोक्ता

समूह तथा स्वतन्त्र नागरिक समाज र विशेषज्ञको राय प्रतिक्रिया लिनुपर्ने विषय,

(घ) प्रतिवेदनलाई सकेसम्म वातावरण मैत्री र कार्यान्वयनयोग्य बनाउन आवश्यक अन्य कुराहरु

**६. संक्षिप्त वातावरणीय अध्ययनमा लागि कार्यसूचि (TOR) स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् र बिक्रि वितरण गर्नका लागि तयार गरिने संक्षिप्त वातावरणीय अध्ययनकालागि कार्यसूची (TOR) तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) कार्यसूची (TOR) स्वीकृत गर्ने समिति देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) गाउँपालिकाको इन्जिनियर -सदस्य

ग) गाउँपालिकाको योजना शाखा प्रमुख -सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृतद्वारा मानोनित सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

ङ) गाउँपालिकाको राजस्व शाखा प्रमुख -सदस्य-सचिव

(३) कार्यसूची (TOR) तयार गर्दा प्रचलित वन तथा वातावरण सम्बन्धि कानूनहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ। कानून विपरित भएमा कार्यसूची (TOR) स्वतः बदर हुनेछ ।

**७. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृती सम्बन्धी व्यवस्था :**

(१) दफा ६ बमोजिम कार्यसूची (TOR) तयार भई स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित क्षेत्रका विशेषज्ञ सम्मिलित स्वतन्त्र परामर्शदाता छनौट गरी संक्षिप्त वातावरणीय अध्ययन गराउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम तयार भएको संक्षिप्तवातावरणीय अध्ययन प्रतिवेदन प्रचलित कानूनको अधिनमा रही गाउँकार्यपालिकाले स्वीकृत गर्नेछ ।

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत कार्यसूची (TOR) बमोजिम तयार भए नभएको गाउँ कार्यपालिकाले राम्ररी अध्ययन विश्लेषण गर्नु पर्नेछ ।

(४) एक पटक स्वीकृत भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको अवधि दुई वर्षको हुनेछ ।

## परिच्छेद ३

## नदीजन्य पदार्थको संकलन क्षेत्र तथा परिमाण निर्धारण

**८. नदीजन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने :**

(१) नदीजन्य पदार्थ संकलन गर्न सकिने संभावित क्षेत्रको विवरण सहितको कार्ययोजना हरेक आर्थिक बर्षको श्रावण १५ गतेभित्रर यो कार्यविधि स्वीकृत भएको पहिलो वर्षका लागि कार्यविधि स्विकृत भएको तीस दिन भित्र गाउँ कार्यपालिका कार्यालयलयको तर्फबाट गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिका मातहत रहने गरी नदीजन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान, निर्धारण तथा परिमाण एकिन गर्नका लागि देहायको प्राविधिक समिति रहनेछ ।

क) गाउँ कार्यपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -संयोजक

ख) नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने वडाका वडा अध्यक्षहरु - सदस्य

ग) गाउँपालिकाको इन्जिनियर -सदस्य

घ) गाउँपालिकाको एक सब-इन्जिनियर -सदस्य सचिव

(३) समितिमा सम्भव भए सम्म सम्बन्धित विषयका विशेषज्ञ प्राविधिकहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमको क्षेत्रबाट मात्र प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरी उत्खनन् तथा संकलन गर्न सकिने गरी एकिन गर्नुपर्नेछ ।

क) नदीबाट ढुङ्गा गिट्टी बालुवा र माटो जन्य पदार्थ उत्खनन् र बिक्रि वितरण गर्न बातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्र,

ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रन गई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

ग) सार्वजानिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति प्रदान गरिएको क्षेत्र,

घ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरु निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

ङ) जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुङ्गा तथा माटोजन्य पदार्थ हटाउनु पर्दा गाउँपालिकाबाट तोकिएको क्षेत्र,

(५) उपदफा (३) बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) गाउँपालिकाबाट प्राप्त कार्ययोजनाको आधारमा नदीजन्य पदार्थ संकलन गर्न सकिने खोला, नदी तथा सो को आसपासको क्षेत्र पहिचान गरी संकलन गर्न सकिने परिमाण र विधि एकिन गरी गाउँ कार्यपालिकामा प्रतिवेदन सहित सिफारिश गर्ने ।

ख) खण्ड (क)बमोजिमको प्रतिवेदनमा संकलन गर्न सकिने प्रत्येक ठाँउको देहायका बिषय सहित प्राविधिक बिषयहरु समेत समावेश भएको हुन पर्नेछ :

(१) नदीजन्य पदार्थ संकलन गर्ने तरिका,

(२) संकलन गर्दा विचार गर्ने विचारहरु,

(३) खोला तथा नदीको पुनरुत्थानका तरिकाहरु,

(४) संकलन गर्ने क्षेत्र तथा परिमाणः लम्बाई, चौडाइ, गहिराइ सहितका विवरणहरु,

(५) नदी किनार तथा सम्वेदनशील क्षेत्रबाट (पुल, बस्ती, वन क्षेत्र, रोड, पुरातात्विक महत्वका सम्पदा तथा हाईटेन्सनको टावर) छाड्नुपर्ने दुरी,

(६) उत्खनन् विधि र प्रयोग हुने मेशिन तथा औजार,

(७) नदीजन्य पदार्थहरु संकलन गर्न नहुने क्षेत्र,

(८) भण्डारण गर्न सकिने क्षेत्र तथा अवधि ।

(ग) प्रतिवेदन तयार गर्ने क्रममा प्राविधिक समितिले गाउँपालिकाका अन्य प्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहवरमा खण्ड (ख) मा उल्लेखित बिषयहरु निर्धारण गरी प्रतिवेदनमा उल्लेखित गर्नुपर्नेछ ।

(६) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट माटो उत्खनन् गरिने छैन ।

(७) पानी बगिरहेको नदीको पिधंबाट कुनै पनि नदीजन्य पदार्थ संकलन गरीनेछैन र पानीभित्र कुनैपनि संकलन गर्ने साधन प्रवेश गर्न हुदैन ।

(८) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिटी र बालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न हुदैन ।

(९) सडकपुल भन्दा ५०० मिटर तल र माथिको नदी किनारबाट ढुङ्गा र माटोजन्य पदार्थ उत्खनन् र संकलन गर्न हुदैन ।

(१०)उपदफा (८) र (९) मा जेसुकै लेखिएको भए तापनि नदीको सतह बढि सडक पुल वा बस्ती जोखिममा परेको भनि सम्बन्धित पुलको स्वामित्व रहेको निकायबाट सतह घटाउनु पर्ने भनि स्पष्ट किटानी गरेको आधारमा प्राविधिक समितिको सिफारिशमा गाउँपालिकाले प्राविधिकको रोहबरमा तोकिएको हदसम्म मात्र त्यस्तो नदीजन्य पदार्थ हटाई बिक्रि गर्न सक्नेछ ।

**९. प्रतिवेदन पेश गर्ने :**

(१) प्राविधिक समितिले हरेक बर्षको श्रावण महिना भित्र वा दफा ८ (१) बमोजिम क्षेत्र निर्धारण तथा परिमाण एकिन गरेको प्रतिवेदन गाउँ कार्यपालिका कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ संकलन गर्ने क्षेत्र निर्धारण तथा परिमाणको प्रतिवेदन प्राविधिक समितिबाट प्राप्त भएपछि गाउँ कार्यपालिका कार्यालयले एक हप्ताभित्र कार्यान्वयनमा लैजानेछ ।

(३) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रबाट तोकिएको परिमाण मात्र संकलनका लागि गाउँपालिकाले प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्नेछ ।

(४) नदीजन्य पदार्थको संकलन वा उत्खनन् क्षेत्र दुई वा दुई भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने अवस्थाा भएमा सम्बन्धित गाउँपालिकाले आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउनेछ ।

(५) जिल्लाको सीमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने सम्बन्धमा गाउँपालिकाले सम्बन्धित निकायहरु संग आवश्यक समन्वय गर्नेछ ।

## परिच्छेद ४

## मूल्य, ठेक्का बन्दोबस्त, संकलन तथा उत्खनन् विधि

**१०. मूल्य र करको दर :**

(१) नदीजन्य पदार्थको मूल्य (संकलन शुल्क) प्रचलित कानून बमोजिम हुनेछ ।

(२) नदीजन्य पदार्थको करको दर प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**११. ठेक्का बन्दोबस्त गर्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थ बिक्री वितरण गर्न सार्वजानिक सूचना जारी गरी प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गरी बिक्री वितरण गर्नु पर्नेछ ।

(२) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले संकलन इजाजत लिदा सकार गरेको रकम एक्मुष्ट गाउँपालिकामा अग्रीम बुझाउनु पर्नेछ ।

(३) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले मूल्य अभिवृद्धि कर राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

(४) स्थानीय व्यक्ति, संघ, संस्थालाई स्थानीय उपयोगको लागी गाउँपालिकाबाट निर्णय गरी सकारकर्ताको दफा ७ अनुसारको मूल्य लिई ढुङ्गा, गिट्टी, माटो, बालुवाको पूर्जी काटेर दिन सक्नेछ ।

(५) सकारकर्ता फर्म वा कम्पनीले गाउँपालिकाबाट अनुसुची १ बमोजिमको संकलन इजाजत वा अनुमति पत्र लिएर मात्र नदीजन्य पदार्थ संकलन गर्नुपर्नेछ ।

१२. **नदीजन्य पदार्थ संकलन अवधिः** नदीजन्य पदार्थको संकलन समय आश्विन देखि जेष्ठ मसान्तसम्म हुनेछ । कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ तत्काल नहटाँउदा धन, जन, र वातावरणमा क्षति पुग्ने सक्ने स्थिती) अध्ययन गरी यो समय प्राविधिक समितिको सिफारिस प्रचलित कानून बमोजिम म्याद थपघट गर्न सक्नेछ ।

**१३. उत्खनन् तथा संकलन विधि :**

(१) उत्खनन् पश्चात के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरी उत्खनन् कार्यको थालनी गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्र सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नुपर्नेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकि दिनु पर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले उत्खनन् गरीने परिमाण, चार किल्ला, उत्खनन् विधि र निर्धारित विधि अनुसार उत्खनन् भएको वा नभएको सम्बन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना वोर्ड संकलन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण गाउँपालिकाले स्थानीय सहमतिका आधारमा गर्नुपर्नेछ । यस्तो मार्ग वनक्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमति लिनुपर्नेछ ।

(६) संकलनकर्ताले नदी वा खोलामा उत्खनन्का लागी साधन सहित प्रवेश गर्दा अनुसुची २ अनुसारको प्रवेश ईजाजत लिएर मात्र उत्खनन् गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) नदीबाट उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नुपर्नेछ । संकलन र उत्खनन् गर्दा नदीको पानीको बहाब क्षेत्र परिवर्तन गर्ने गरी उत्खनन् गर्न हुदैन् ।

(८) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का सर्त, अनुगमन समिति, प्राविधिक समिति र गाउँपालिकाले अनुगमनका क्रममा दिएका निर्देशन पालना गर्नुपर्नेछ ।

(९) नदीको भिरालो क्षेत्रबाट संकलन वा उत्खनन् गर्दा कुनैपनि मेशिनरी औजार प्रयोग गर्न हुदैन् ।

(१०) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एंव अन्य सम्वेदनशील क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्दा सामान्यत डोजर, एक्जाभेटर, लोडर जस्ता हेवी ईक्वीपमेण्ट प्रयोग गर्न हुदैँन ।

तर त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको विधि, प्रकृया र प्राविधिक समितिको सिफारिस अनुसारको मेशिनरी औजार प्रयोग गरी तोकिएको मापदण्ड र परिमाण संकलन तथा उत्खनन् गर्न सकिनेछ ।

(११) उत्खनन् स्थलमा काम गर्ने कामदारको सुरक्षा र बिमा सम्बन्धी व्यवस्था, न्युनतम पारिश्रमिक ज्यालाको भुक्तानी नियमित रुपमा गर्ने व्यवस्था सम्बन्धित उत्खनन् र संकलनकर्ताले मिलाउने

गरी ठेक्का बन्दोबस्त गर्नुपर्नेछ । यसरी कामदार लगाँउदा करार गरी लगाउनु पर्नेछ ।

(१२) उत्खनन् संकलन तथा बिक्रि वितरणमा बाल श्रमको प्रयोग गर्न हुदैंन ।

(१३) अनुमति प्राप्त फर्म वा कम्पनीले विहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म को समयावधिभित्र मात्र नदीजन्य पदार्थ संकलन र बिक्रि वितरण गर्नुपर्ने छ ।

(१४)उत्खनन् तथा बिक्रि वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदी माथिका संरचना, पुल, जलविद्युत केन्द्र, सिँचाइकुलो, खानेपानी लगायतका अन्य सम्वेदनशील संरचना बीचको दूरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, गहिराइ सम्बन्धी व्यवस्था वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार तथा प्राविधिक समितिले तोकिएको मापदण्डको आधारमा सिफारिस गरे बमोजिम हुनेछ ।

(१५) उत्खनन् तथा बिक्रि वितरणबाट वातावरण प्रदुषण गर्न हुदैंन र त्यस स्थानबाट निस्कासित फोहोरमैलाको व्यवस्थापन सम्बन्धित कम्पनी वा फर्मले नै गर्नु पर्नेछ ।

(१६) उत्खनन् र बिक्रि वितरण कार्यको स्पष्ट अभिलेख राखी कम्पनी वा फर्मले आयकर प्रयोजनको लागि प्रतिवेदन तयार गरी आयकर तिर्नुपर्नेछ । कर कार्यालयले उत्खनन् र बिक्रि वितरण गर्ने फर्म वा कम्पनीको विस्तृत कर परीक्षण गर्न सक्नेछ ।

(१७) सम्बन्धित उत्खनन् र बिक्रि वितरण गर्ने फर्म वा कम्पनीले नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामग्री उपलब्ध गराउन पर्नेछ ।

**१४. पुनस्थापना सम्बन्धी व्यवस्था :** नदीजन्य पदार्थको संकलन गरिएको क्षेत्रको पुनस्थापनका लागि नदी किनार तथा आसपासका क्षेत्रमा गाउँपालिकाले वन कार्यालय समेतको प्राविधिक सहयोग लिई बाँस लगायतका बिरुवाहरु वृक्षारोपण सहितका वायोइन्जिनियरिङ्ग सम्बन्धी कामहरु गर्नु पर्नेछ ।

**१५. ओसार पसार गर्ने विधि :**

(१) नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर पटके नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नुपर्नेछ । सो निस्सा ३ प्रति छापि १ प्रति ढुवानी गर्ने साधनमा, १ प्रति गाउँपालिकामा र १ प्रति सकारकर्ताकोमा रहनेछ व्यवस्था गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके नदी प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ। पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि ।) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्का सर्त उल्लघन भएको मानिनेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसारपसार गर्ने समय तोकि दिनुपर्नेछ ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घन फुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने गरी व्यवस्था मिलाउनु पर्छ ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन् ।

(६) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढी

हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) मूलबाटोबाट संकलन तथा उत्खनन् स्थल तर्फ सबारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित रुपमा पानी छर्कने प्रवन्ध उत्खनन्कर्ता र ढुवानी कर्ताले मिलाउनु पर्नेछ ।

(८) नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न पाइनेछैन । सवारी साधन बिग्रेको हकमा यथासम्भब छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(९) नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालन सम्बन्धमा गाउँपालिकाले प्रभावकारी अनुगमनको प्रवन्ध मिलाउनु पर्नेछ ।

(१०)कुनै स्थानीय तहबाट वा कुनै प्रदेशबाट अर्को कुनै स्थानीय तह वा प्रदेशमा नदीजन्य पदार्थको ओसार पसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको थप कर, शुल्क वा दस्तुर लिन नपाउनुका साथै ढाट राखी अतिरिक्त शुल्क असुल गर्न पाइने छैन ।

(११) नदीजन्य पदार्थ ढुवानी गर्दा साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी थप नदीजन्य पदार्थ ढुवानी गर्न पाइने छैन् ।

**१६. नदीजन्य पदार्थको भण्डारण :**

(१) नदीजन्य पदार्थ संकलन स्थलबाटै सिधै बजारमा लगी बिक्रि वितरण गर्न सकिनेछ । बजारमा माग नभएको अवस्थामा मात्र गाउँपालिकाबाट स्वीकृति लिई भण्डारण गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ संकलनकर्ताले वनक्षेत्र, चुरे क्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजानिक सडकको राईट अफ वे, सार्वजानिक सम्पतिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक

महत्वका पूर्वाधारको आसपास एवं विद्यालय/कलेज/स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुदैंन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानूनको प्रकृया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ ।

(४) निषेधित क्षेत्र तथा सार्वजानिक ऐलानी तथा पर्ती क्षेत्रमा विना अनुमति नदीजन्य पदार्थ भण्डारण गरेमा गाउँपालिकाले जफत गर्नेछ । यसरी जफत भएको नदीजन्य पदार्थ सम्बन्धित गाउँपालिकाले लिलाम गर्नेछ ।

(५) नदीजन्य पदार्थ संकलनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरिपरी कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदन उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न हुदैंन ।

## परिच्छेद ५

## आयोजनाको लागि विशेष व्यवस्था

१७. **आयोजनाको लागि विशेष व्यवस्था :** नेपाल सरकार वा प्रदेश सरकारबाट संचालित राष्ट्रिय गौरवका/प्रदेश गौरवका आयोजना वा ठूला आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिनका लागि गाउँपालिकाले देहाय बमोजिम गर्नु पर्नेछ ।

क) नेपाल सरकारका २०७२/१०/२० को निर्णय समेतको आधारमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा कुनै स्थान विशेषको प्रयोग गर्नुपर्ने भनि आयोजना

मार्फत माग भई आएमा वातावरणीय अध्ययनको आधारमा प्रदेश सरकारले तोकिए बमोजिमको राजस्व बुझाई तोकिएको स्थानबाट सोझै उठाउने निर्णय गर्न सक्नेछ ।

ख) खण्ड (क) बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, बालुवाको प्रयोग आयोजनाको लागि मात्र गर्नु पर्नेछ । अन्यत्र प्रयोग भएमा कानून बमोजिम कारबाही हुनेछ ।

ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तथा विकास साझेदारबाट संचालित आयोजनाहरुको लागि ढुङ्गा, गिट्टी, बालुबाको ओसार पसार र ढुवानी गर्दा समेत कार्यविधिमा उल्लेखित प्रकृया पूरा गर्नु पर्नेछ ।

ङ) नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारको सहयोगमा संचालित परियोजनाहरुलाई नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको बृहत अध्ययन प्रतिवेदन र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा गाउँपालिकामा राजस्व बुझाउने गरी उपलब्ध गराउन सकिनेछ ।

च) वैदेशिक सहायताबाट सञ्चालित परियोजनाको हकमा संघीय सरकारको निर्णय बमोजिम नदीजन्य पदार्थ निःशुल्क रुपमा उपलब्ध गराउनुपर्ने भएमा सम्बन्धित योजनाको सम्झौतामा सो बिषय खुलेको हुनु पर्नेछ ।

छ) नेपाल सरकार वा प्रदेश सरकारबाट संचालित राष्ट्रिय गौरवका/प्रदेश गौरवका आयोजना वा ठूला आयोजनाहरुले नदीजन्य पदार्थको प्रयोग गर्दाअनिवार्य रुपमा नदीजन्य पदार्थको मूल्य र कर तिर्नु पर्नेछ ।

## परिच्छेद ६

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**१८. अनुगमन समिति सम्बन्धि व्यवस्था :**

(१) नेपाल सरकार मन्त्रिपरिषद् बैठक संख्या ३६/०७५ मिति २०७५/०६/२८ को निर्णय अनुसार जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदेश स्वीकृत भएकाले स्वीकृत कार्यादेश अनुसार देहाय बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समितिद्धारा नदीजन्य तथा खनिजजन्य पदार्थको उत्खनन् तथा बिक्रि वितरण प्रक्रियाको अनुगमन हुनेछ ।

क) जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

ख) जिल्ला समन्वय समितिको उप-प्रमुख -सदस्य

ग) प्रमुख जिल्ला अधिकारी -सदस्य

घ) जिल्ला प्रहरी प्रमुख -सदस्य

ङ) शसस्त्र प्रहरी बल प्रमुख -सदस्य

च) नेपाल सरकार वा प्रदेश सरकार अर्न्तगत जिल्लामा कार्यरत वन वातावरण तथा भू-संरक्षण सम्बन्धि अनुगमन समितिले तोकेको कार्यालयको कार्यालय प्रमुख -सदस्य

छ) नेपाल सरकार वा प्रदेश सरकार अर्न्तगत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर -सदस्य

ज)जिल्ला समन्वय अधिकारी -सदस्य

(२) प्रचलित कानून बमोजिम संकलित नदीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिले मौज्याद प्रमाणित गरि बिक्रि वितरण गर्न स्वीकृती दिनेछ ।

(३) जिल्ला अनुगमन तथा समन्वय समितिले मौज्दात प्रमाणित गरी बिक्रि वितरणको अनुमति दिदाँ आर्थिक बर्षको मौज्याद शून्य हुने गरी अनुमति दिनु पर्नेछ ।

(४) अनुगमन कार्य एंव वातावरणीय मूल्याङ्गन तथा प्राविधिक समितिले गर्ने कार्यहरु लगायतका कामहरु संचालनका लागि गाउँपालिकाले शून्य दशमलव पाँच (०.५) प्रतिशत राजस्व जिल्ला समन्वय समितिको खातामा उपलब्ध गराउनु पर्नेछ ।

गाउँपालिकाले देहायको स्थानीय अनुगमन समिति गठन गरी नियमित रुपमा अनुगमन गरी प्रतिवेदन जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

क)स्थानीय तहको प्रमुख -संयोजक

ख) सम्बन्धित स्थानीय तहको वातावरण समितिको अध्यक्ष -सदस्य

ग) सम्बन्धित स्थानीय तहको प्राविधिक इन्जिनियर/सब-इन्जिनियर -सदस्य

घ) सम्बन्धित सब डिभिजन वन कार्यालयको प्रतिनिधि -सदस्य

ङ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

च) सम्बन्धित प्रहरी कार्यालयको प्रमुख -सदस्य

छ) सम्बन्धित स्थानीय तहको प्रशासकीय अधिकृत -सदस्य

**१९. अनुगमन सम्बन्धी थप व्यवस्था :**

(१) गाउँपालिका भित्रका क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन गर्ने कार्य र सो को प्रशोधन तथा बिक्रि वितरण गर्नेसम्बन्धी कार्यको लागी संघ तथा प्रदेश सरकारबाट गठित विभिन्न समितिले सहयोग पुर्‍याउनु पर्नेछ ।

(२) ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य प्रारम्भ भई सकेपछि यस कार्यविधि र वातावरण अध्ययन प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा स्थानीय अनुगमन समितिले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालन, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेला अनुगमन गर्न जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(५) अनुगमन कार्यका लागि परिचालित हुने जिल्ला अनुगमन तथा समन्वय समितिलाई गाउँपालिकाले आवश्यकता अनुसार सहयोग गर्नु पर्नेछ ।

(६) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन् तथा ओसार पसारका लागि यस कार्यविधिमा गरिएको सबै व्यवस्थाको परिपालन भए नभएको, निशेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् गरे नगरेको, अन्य सरकारी सार्वजानिक जग्गामा चोरी उत्खनन् भएको, तथा नदीजन्य पदार्थको राजस्व छली हुने अवस्था रहेको, अनुमति बेगर भारी यान्त्रिक औजारको प्रयोग गरेको लगायतका बिषयमा जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमन गरी प्रचलित व्यवस्था अनुसार कारबाही गर्नुपर्नेछ ।

(७) ढुङ्गा, गिट्टी, बालुवा लगायत तथा नदीजन्य पदार्थको बजार मूल्यको अनुगमन गाउँपालिकाले गर्न सक्नेछ ।

(८) ठेक्का सम्झौता पालना नगरेमा वा राजस्व छली हुने गरी संकलन तथा ओसार पसार गरेमा वा यो कार्यविधि विपरित हुने गरी कुनै काम गरेमा प्रचलित कानूनको अधिनमा रही जरीवाना

तोक्ने अधिकार जिल्ला अनुगमन तथा समन्वय समितिलाई हुनेछ। त्यस्तो जरिवाना रकम राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(९) ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्दा बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको हकमा एक्साभेटर डोजर लगायतका हेभि औजारको प्रयोग पूर्ण रुपले बन्देज गर्नु पर्नेछ। तर एक्साभेटर तथा ठूला गह्रौ उपकरण प्रयोग गरी उत्खनन् गर्दा कुनै नदीबाट दैनिक ५० घ.मी. नबढ्ने गरी दक्ष प्राविधिकको निगरानीमा कम भन्दा कम मेसिनहरु सम्बन्धित निकायको अनुमतिमा प्रयोग गर्न सकिने छ।

(१०) ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधक समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रत्येक बर्षको बर्षात् समय सकिए पछि नदीको अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्थालाई स्थलगत रुपमा हेरी नदीको अवस्था अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन संशोधन गर्नु पर्ने भएमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

(११) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिणाम उत्खनन् भैसकेको पाइएमा ठेक्का अवधी बाँकी रहे पनि उक्त नदीमा उत्खनन् गर्ने कार्य बन्द गर्नु पर्ने छ। यस प्रावधानलाई अनिवार्य रुपमा ठेक्का सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

(१२) विगतका आर्थिक बर्षमा ठेक्का लिई वा नलिई नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरेको नदीजन्य पदार्थ जफत गरी लिलाम गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ र उक्त कार्यमा जिल्ला अनुगमन तथा समन्वय समितिले सहयोग गर्नुपर्नेछ।

(१३) लिलाम सकारकर्ता संकलन फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पूर्ण सहयोग गर्नु पर्नेछ ।

## २०. संकलन तथा बिक्रि वितरणमा रोक :

(१) नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा बिक्रिवितरणको कारण कुनै स्थानमा दुर्लभ तथा संकटापन्न वनस्पति तथा वन्यजन्तुको वासस्थानमा खतरा, दैविक/प्राकृतिक प्रकोप, पुरात्वात्विक महत्वका स्थान, भू-स्खलन भई क्षति हुन सक्ने स्थान वा सरकारले सम्वेदनशील क्षेत्र भनि तोकेका स्थान लगायतका वा अन्य कुनै बिषम परिस्थितिको श्रृजना भएमा गाउँपालिकाले जुनसुकै बखत नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा बिक्रिवितरणमा रोक लगाउन सक्नेछ ।

(२) त्यसरी रोक लगाँउदा गाउँपालिकाले रोक लगाउने स्थानको चारकिल्ला र समयावधी तोकी सूचना प्रकाशन गर्नेछ ।

# परिच्छेद ७

# नदीजन्य पदार्थको प्रशोधन सम्बन्धी व्यवस्था

## २१. क्रसर तथा बालुवा उद्योग संचालन सम्बन्धी दुरी मापदण्ड :

(१) क्रसर उद्योगहरुको स्थापना सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७०/०३/२७ र मिति २०७०/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी भौगोलिक बिषमताको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रसर उद्योगको दुरी सम्बन्धी मापदण्ड २०७३ लागू गरिनेछ । क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड अनुसूची ३ बमोजिम हुनेछ ।

(२) प्रस्तुत मापदण्ड लागू भएपछि नयाँ स्थापना हुने उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन् गर्ने कच्चा

पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नाप नक्सा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) नदीजन्य पदार्थ प्रशोधन कारखाना स्थापना गर्दा साईट ड्रेन र हिलो थेग्रने पोखरीको (सेटिङ्ग पोण्ड) व्यवस्था गरेको हुन पर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी स्थापना वा संचालन गरेका, क्रसर तथाप्रशोधन उद्योगले आफ्नो उद्योगको बार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत खुलाउनुपर्ने तथा हरेक बर्षको लागि असार मसान्त भित्र यस्तो उत्पादनको बार्षिक मौज्याद तथा आय व्यय सार्वजानिक गरी सोको जानकारी गाउँपालिकाले दिनुपर्नेछ । यस बमोजिम मापदण्ड पुरा नगर्ने उद्योगहरु तत्काल बन्द गर्न गाउँपालिकाले आदेश दिन सक्नेछ ।

(५) मापदण्ड पुरा नगरी स्थापना भई संचालन भएका नदीजन्य पदार्थ प्रसोधन उद्योगले तीन महिनाभित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुन पर्नेछ । दर्ता नभई संचालनमा रहेका र उक्त अवधिभित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ । तर काबुबाहिरको परिस्थितिश्रृजना भई स्थानान्तरण हुन नसकेमा प्रदेश सरकारको निर्णय अनुसार हुनेछ ।

(६) नदीजन्य पदार्थ प्रशोधनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई प्रशोधन गर्ने क्षेत्रको वरिपरी कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ ।

(७) प्रशोधनकर्ताले सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र प्रशोधन गर्न पाइनेछ । प्रशोधित पदार्थको स्टक चेकजाँच जिल्ला अनुगमन तथा समन्वय समितिले गर्नु पर्नेछ ।

(८) प्रशोधन सम्बन्धी क्रसर तथा बालुवा उद्योग संचालक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यलाई पूर्ण सहयोग गर्नु पर्नेछ ।

(९) क्रसर उद्योगहरुको दुरीको मापदण्ड पालना नगर्ने साथै तोकिएको स्थानमा उद्योग संचालन नगर्ने उद्योगहरुलाई अनिवार्य रुपमा तोकिएका शर्तहरु पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रुपमा अनुगमन गर्ने दायित्व गाउँपालिका र जिल्ला अनुगमन तथा समन्वय समितिको हुनेछ । सर्त पालना गर्न नमानेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(१०) उद्योगले बार्षिक प्रगति प्रतिवेदन हरेक बर्ष सम्बन्धित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(११) बालुवा, पांङ्गो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) संचालन गर्दा निस्कास्न भएको धुलो, फोहोर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई सम्बन्धित गाउँपालिकाले कडाईका साथ लागू गराउनु पर्नेछ ।

(१२) जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमनको आधारमा क्रसर उद्योगहरुको काम कारबाही रोक्न सक्नेछ ।

(१३) नदीजन्य पदार्थ प्रशोधन गर्ने उद्योगले प्रचलित वातावरण संरक्षण ऐन तथा नियमाबली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई एक प्रति आफूसँग राख्ने र एक/एक प्रति संघ तथा प्रदेशका सम्बन्धित निकाय तथा गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(१४) यो कार्यविधि स्वीकृत पश्चात स्थापना हुने नयाँ नदीजन्यपदार्थ प्रशोधन गर्ने उद्योग वा नयाँ क्रसर उद्योग स्थापना गर्दा हरेक वडामा एक उद्योगबाट अर्को उद्योगको बिचको दुरी एक कि.मी.को भन्दा बढि हुनुपर्नेछ ।

## परिच्छेद -८

## विविध

**२२. आयोजना संचालन गर्दा उत्खनन हुने पदार्थ सम्बन्धी व्यवस्था :** सडक तथा अन्य भौतिक पूर्वाधारका आयोजना निर्माणका क्रममा उत्खनन् हुने ढुङ्गा गिट्टी बालुवा माटो जस्ता पदार्थहरु सम्बन्धित आयोजनाले प्रयोग गर्ने भएमा तोकिएको शुल्क बुझाई प्रयोग गर्न सक्नेछ । आयोजनाले प्रयोग नगर्ने भएमा वा प्रयोग भई बढीहुने भएमा गाउँपालिकाले भण्डारण गरी प्रचलित कानून बमोजिम लिलाम विक्रि गर्नु पर्नेछ ।

**२३. उत्खनन् गर्न अनुमति लिनुपर्ने :** माछापोखरी निर्माण,प्रेट्रोलपम्प निर्माण, आवास क्षेत्र निर्माण लगायतका वहानामा अनुमति बिना ढुंगा, गिट्टी,वालुवा उत्खनन् गर्न पाइने छैन । निजी जग्गाबाट ढुंगाा,गिट्टी, वालुवा तथा माटो उत्खनन् गर्नुपर्ने अवस्था आएमा दफा ७ बमोजिम को राजस्व तिरी गाउँपालिकाबाट अनुमति लिएर मात्र संकलन र विक्रि वितरण गर्न सकिने छ ।

**२४. स्थानीय वजार मूल्य निर्धारण:**

(१) स्थानीय बजारमा बिक्रि वितरण गरिने नदीजन्य पदार्थको मूल्य निर्धारण गर्न देहाय बमोजिमको एक मूल्य निर्धारण समिति रहनेछ ।

क) जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

ख) जिल्ला प्रशासन कार्यलयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

ग) प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

घ) गाउँपालिकाले तोकेको अधिकृत वा प्रतिनिधि -सदस्य

ङ) ठेक्का सरकार कर्ताको प्रतिनिधि -सदस्य

च) क्रसर व्यावसायी संघले तोकेको प्रतिनिधि -सदस्य

(२) उपदफा (१) बमोजिमको मूल्य तथा प्रशोधनका लागि लाग्ने लागत रकमको आधारमा कच्चा, अर्धप्रशोधित तथा प्रशोधित नदी जन्य पदार्थको वजारमूल्य निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले मूल्य निर्धारण गर्दा छिमेकी स्थानीय तह, छिमेकी जिल्लाको स्थानीय दरलाई पनि आधार लिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थ स्थानीय तह भन्दा बाहिर निकासी गर्दा विक्रि मूल्यमा ढुवानी रकम थप गरी मूल्यमा निर्धारण गरिनेछ ।

२५. **सम्वेदनशील क्षेत्र घोषण गर्न सक्ने :** ढुंगा, गिट्टी, बालुवा,माटोको उत्खनन् वा संकलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो स्कूल, कलेज, मानववस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा गाउँपालिकालेगाउँपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्वेदनशील क्षेत्र घोषणा गरी ढुंगा, गिट्टि, बालुवा,माटो उत्खनन् र संकलनमा रोक लगाउन सक्नेछ ।

२६. **विदेशी निकासी सम्वन्धी व्यवस्था :** ढुङ्गा,गिट्टि, वालुवा जस्ता पदार्थ उत्खनन् गरी निकासी गर्दा मूल्य अभिवृद्धि गर्न कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्नु पर्नेछ । तर निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारको निर्णय बमोजिम हुनेछ ।

२७. **संरक्षण कार्यमा खर्च गर्नु पर्ने :** नदी जन्य पदार्थको संकलन, प्रशोधन तथा विक्रिवितरण गर्ने उद्योगले खूद नाफाको दुई प्रतिशत रकम मन्त्रालयले तोकेको भू-संरक्षण कार्यमा खर्च गर्नु पर्नेछ वा सो रकम मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२८. **चुरे क्षेत्र सम्बन्धी व्यवस्था :**नदी जन्य पदार्थको संकलन, प्रशोधन तथा विक्रिवितरण गर्ने कुनै क्षेत्र चुरे क्षेत्रमा पर्न गएमा सो सम्बन्धमा राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिको सहमति लिनुपर्नेछ ।

२९. **कार्यविधि विपरीत कार्य गर्नेलाई कारबाही हुने:** यो कार्यविधिमा विपरीत कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

३०. **अनुसुचीमा हेरफेर गर्न सक्ने :** यो कार्यविधि कार्यन्वयनको लागि आवश्यक पर्ने फारम सम्बन्धित हेरफेर र संशोधन गर्न सक्नेछ ।

३१. **फारम तयार गरी प्रयोग गर्न सक्ने :** यो कार्यविधि कार्यन्वयनको लागि आवश्यक पर्ने फारम गाउँपालिकाले तयार गरी प्रयोग गर्न सक्नेछ ।

३२.**बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन आएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गरी निर्देशन गर्न सक्नेछ ।

३३. **विवाद समाधान :** स्थानीय तहहरु वीच नदीको सिमाना तथा ढुंगा,गिट्टि, बालुवा,माटो संकलन गर्ने विषयमा विवाद उत्पन्न भएमा मन्त्रालयको समन्वयमा विवादको समाधान गर्नु पर्नेछ ।

३४. **खारेजी र बचाउ :** यस कार्यविधि लागू भएको मितिदेखि विभिन्न जिल्ला समन्वय समितिले जारी गरेका प्राकृतिक स्रोतको उपयोग सम्वन्धी फरक फरक कार्यविधि/निर्देशिकाहरु खारेज हुनेछन् । तर ती कार्यविधि/निर्देशिकाको सेवा, शर्त अनुसार भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूचीः १

(परिच्छेद-४ को दफा ८(५) संग सम्बन्धित )

नदीजन्य पदार्थ संकलन ईजाजत/अनुमति पत्र

...........गाउँ कार्यपालिकाको कार्यालय

............................

ईजाजत नंः मितिः

१. संकलन/उत्खनन् गर्न अनुमति प्राप्त गर्ने फर्म/कम्पनी वा संस्थाको

नामः ठेगानाः

PAN/ VAT नं.: प्रोपाइटरको नाम र फोन नं.:

२. संकलन गर्ने स्थान

ठेगाना :

नदी/खोलाको नाम :

चारकिल्ला :

पूर्वः पश्चिम :

उत्तरः दक्षिण :

लम्बाई : चौडाइः जि.पि.एस. लोकेशन :

३. IEE/EIA मा उल्लेखित संकलन गर्न सकिने परिमाण :

४. उत्खनन् अनुमतीको परिमाण (घन फीट )

५. प्रवेश तथा निकासी गर्ने नाका वा स्थानको नाम :

६. उत्खनन्मा प्रयोग हुने मेसिन तथा सवारी साधनको विवरण :

७. घाटगद्दी गर्ने स्थानको

ठेगानाः

चारकिलाको

पूर्व : पश्चिमः

उत्तरः दक्षिण :

जि.पि.एस. लोकेशन :

ईजाजत दिने कर्मचारी

नाम र थर :

पदः

हस्ताक्षर :

कार्यालयको छापः

# अनुसुचीः २

(परिच्छेद-४ को दफा १० (६) संग सम्बन्धित )

## नदी/खोला/नदीजन्य पदार्थ संकलन क्षेत्र प्रवेश आदेश

...........गाउँ कार्यपालिकाको कार्यालय

.................

प्रवेश ईजाजत मिति : समय :

ईजाजत नंः

१. संकलन गर्ने स्थानको

नदी/खोलाको नामः

प्रवेश तथा निकासीको नाका वा स्थानको नामः

२. नदी/खोला प्रवेश आदेश विवरण

निकासी गरी लैजानेको

नाम :

ठेगानाः

सम्पर्क फोन नं.:

३. निकासी गरिने पदार्थको नाम :

४. ढुवानी गरी लैजाने साधनको किसिम :

५. सवारी नं.:

६. निकासीगरिने पदार्थको परिमाण (घन फिट) :

प्रवेश आदेश दिने कर्मचारीको

नाम र थर :

सहिः

इजाजत प्राप्त गर्नेको प्रतिनिधि

नाम र थर :

सहिः

## अनुसुची : ३

(परिच्छेद - ७ को दफा १८(१) संग सम्बन्धित )

दुरी सम्बन्धी मापदण्ड

क्रसर उद्योगहरुको स्थापना सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०/०३/२७ र मिति २०७०/०५/१७ को निर्णयलाइ प्रमुख आधार मानी भौगोलिक विषमातको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड,२०७३ अनुसार क्रसर उद्योग स्थापना गर्दा पालना गनुपर्ने दुरी सम्बन्धाी मापदण्ड,२०७३ अनुसार क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड :-

| क्र.स | विवरण | दुरी सम्बन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराइ तथा भित्री मधेश हकमा |
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ३००मि. | ५००मि. |
| ख | हाईटेन्सन लाईनबाट | १००मि. | १००मि. |
| ग | राजमार्गको Right of way बाट | ३०० मि. | ५००मि. |
| घ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १कि.मि. | २कि.मि |
| ङ | निकुञ्ज,आरक्षण क्षेत्रबाट | २कि.मि . | २कि.मि. |
| च | घना वस्तीबाट | २कि.मि. | २कि.मि. |
| छ | वनक्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ज | पक्की पुलबाट | ५००मि. | ५००मि. |
| झ | अन्तराष्ट्रिय सीमाबाट | कम्तीमा १ कि. मि | कम्तीमा १ कि.मि |

**नोटः** दूरी मापन गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ ।

**प्रमाणीकरण मितिः २०७७।०६।२६**

**आज्ञाले,**

**युवराज आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**